# क्षीरेश्वरनाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### रोजगार सेवा केन्द्र

महेन्द्रनगर, धनुषा
प्रदेश नं.: २, नेपाल

प.सं.: २०८०।०८१
च.नं.: ६२८

मिति :२०८०।१०।२८

श्री सबै वडा कार्यालयहरु,
क्षीरेश्वरनाथ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषा

विषय : **न्युनतम रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने बारे सुचना।**

उपरोक्त सम्बन्धमा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८(१) वमोजिम आ.व.२०८१/०८२ को मा रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने आर्थिक तथा सामाजिक अवसरबाट पछाडी परेका बेरोजगार व्यक्तिलाई प्रदान गरिने १०० दिन बराबरको न्युनतम रोजगारीमा संलग्न गराई सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न सक्ने १८ वर्ष उमेर पुरा भई ५९ वर्ष ननाघेको इच्छुक बेरोजगार नेपाली नागरिकले आफ्नो स्थायी बसोबास भएका वडा कार्यालयमा आवश्यक कागजातहरु सहित मिति २०८० फागुन १ गते देखि २० गते भित्र तोकिएको ढाँचामा निवेदन दिनु हुन सम्बन्धीत सबैको जानकारीको लागि सूचना प्रकाशित गरिएको छ।

तसर्थ तहाँ वडा कार्यालयबाट पनि बेरोजगार फाराम निवेदन उक्त मिति सम्म भराई दर्ता गराउन हुन अनुरोध छ। लक्षित बर्गका व्यक्तिहरु नछुटुन भन्ने उद्देश्यले सम्बन्धीत वडा कार्यालयमा दर्ता भएका निवेदनहरु मध्येबाट देहाय वमोजिमका मापदण्ड अनुसार रुजु गरी प्राथमिकताका आधारमा वास्तविक बेरोजगार व्यक्तिहरुको प्रमाणित निवेदन फारामहरु जम्मा गरी रोजगार सेवा केन्द्रमा पठाईदिनु हुन जानकारी साथ अनुरोध छ।

**आवश्यक कागजातहरु**

१. निवेदकको फोटो र सम्बन्धीत वडाको स्थायी बासस्थान खुल्ने आवश्यक कागजातको फोटोकपि -नागरीकता, बसाईसराई, विवाह दर्ता) सम्पर्क नम्बर, निवेदकको सहिछाप आदि।

२. परिवारका सम्पूर्ण सदस्यको नाम, फाराम भर्ने व्यक्तिसंगको नाता, जन्म मिति, नागरीकता नम्बर, जारी मिति, वार्षिक आम्दानी लगायतका विवरणहरु तथा परिवारका सम्पूर्ण सदस्यको नागरीकताको प्रमाणपत्रको प्रतिलिपी

३. निवेदक बैदेशिक रोजगारीबाट फर्फिएको वा श्रम स्वीकृति लिइ बैदेशिक रोजगारीमा जान चाहेको व्यक्तिको हकमा पासपोर्टको प्रतिलिपी र देशको नाम।

४. निवेदकले कुनै शीपमुलक तालिम लिएको भए सोको प्रतिलिपी

५. निवेदकको बैंक खाता विवरण (चेकबुकको खाता नम्बर स्पष्ट देखिने प्रतिलिपी)

**नोटः फारममा उल्लेखित सम्पूर्ण विवरणहरु अनिवार्य रुपमा भर्नुपर्नेछ। अपुरो फारम मान्य हुने छैन।**

सूचनाप्रविधि शाखा यो सूचना वेबसाइटमा राखिदिनु हुन अनुरोध छ।

...........................
राम उदगार अधिकारी
प्रमुख प्रशासकीय अधिकृत